# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।०२।१७ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये कागजात सच्चाई गलत लिखत तयार गरी भ्रष्टाचार गरेको सम्बन्धी मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८०।०२।१७ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ ।

प्रवक्ता
भोला दाहाल

**देहायः**

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु शेष अव्वास, चन्द्रदेव ठाकुर, सवरुन खातुन, आरिफ हुसेन, सदनकुमार कर्ण र दुर्गादत्त पौडेल समेत भएको (वि.अ. को मु.नं (०७६-CR-०१५८) वि.अ. को फैसला मिति २०७९।११।१७ | कागजात सच्चाई गलत लिखत तयार गरी भ्रष्टाचार गरेको। | प्र.हरु शेष अव्वास, चन्द्रदेव ठाकुर, सदनकुमार कर्ण र दुर्गादत्त पौडेलको उक्त कार्य भ्र.नि ऐन, २०५९ को दफा ९ र दफा ११ वमोजिमको कसुर भएकोले निज राष्ट्रसेवकहरु शेष अव्वास, चन्द्रदेव ठाकुर, सदनकुमार कर्ण र दुर्गादत्त पौडेललाई भ्र.नि ऐन, २०५९ को दफा ९ र दफा ११ वमोजिम सजाय हुन र सवरुन खातुन तथा आरिफ हुसेनको हकमा निज प्रतिवादीहरुले भ्र.नि ऐन, २०५९ को दफा ११ वमोजिमको कसुर गरेको पुष्टी हुन आएकोले निज आरोपितहरु सवरुन खातुन र आरिफ हुसेनलाई भ्र.नि ऐन, २०५९ को दफा ११ वमोजिम सजाय हुन। | **फैसलाः** प्रतिवादीहरुलाई सफाई।<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>**<br>• सबै प्रतिवादीहरुले अनुसन्धान तथा अदालतमा बयान गर्दा समेत आरोपित कसूरमा इन्कार रही बयान गरेका,<br>• अजहर हुसेन र आरिफ हुसेन नेपाली नागरिक भन्ने देखिएले कानून बमोजिम नागरिकताको प्रमाणपत्र पाउन योग्य नै देखिएको र निजहरूले कानूनले तोकेको प्रक्रिया पूरा गरी आवश्यक कागजात संलग्न गरी नागरिकताको लागि आवेदन दिई नागरिकता लिएको र पेश भएका विवरणमा यो यसले यो मितिमा यसरी बदनियतपूर्वक सच्याएको वा थपेको भन्ने स्पष्ट दावी नदेखिएको,<br>• नागरिकता सम्बन्धी कागजातमा केरमेट वा व्यहोरा थप्ने कार्य प्रतिवादीहरूको मिलेमतोमा वा जानीजानी वदनियत पूर्वक गरेको भन्ने प्रतिवादीहरु उपरको आरोपदावी वादी पक्षले पुष्टि गर्न नसकेकोले शंका र अनुमानको भरमा कसूरदार कायम गर्न मिल्ने नदेखिएको। | • प्रतिवादीहरु शेष अव्वास, चन्द्रदेव ठाकुर, सवरुन खातुन, आरिफ हुसेन, सदनकुमार कर्ण र दुर्गादत्त पौडेल समेतले मिलोमतो र योजना बमोजिम आरिफ हुसेन र अजहर हुसेनको अनुसूची १ फाराममा निवेदकले जन्मस्थान वसतपुर ८ उल्लेख गरेको तर नागरिकता जारी हुँदा बीरगञ्ज महानगरपालिका वडा नं. २ उल्लेख भएको तथा बाबु मोतिउर रहमानको नागरिकता प्रमाणपत्र नं. उल्लेख नगरी अनुसूची १ फाराममा केरमेट गरी झुट्टा विवरण कायम गरी नागरिकता जारी गरी प्रतिवादीहरुले वारदात घटाएको पुष्टि भएको।<br>• प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला पुनरावेदक प्रतिवादी इन्द्रनिधि उपाध्याय विरुद्ध अञ्चल प्रशासन कार्यालय, धवलागिरीको जाहेरीले नेपाल सरकार भएको (ने.का.प. २०६९ नि.नं. ८८६८ अङ्क ७) मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त, विपरित भई त्रुटीपूर्ण रहेकोले बदर भागी रहेको।<br>• सबै प्रतिवादीहरुको भ्रष्टाचारजन्य कसूरमा पूर्ण संलग्नता रहेको पुष्टी भएकाले मिसिल संलग्न स्वतन्त्र प्रमाणलाई प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाणको रुपमा गह्रण गरी फैसला गर्नु पर्नेमा सो विपरित प्रतिकूल हुने गरी प्रतिवादीहरुलाई सफाई दिने मनसायले मिसिल संलग्न प्रमाणको उचित मुल्याङ्कन बिना भएको फैसला भई त्रुटीपूर्ण भई बदरभागी रहेको। |
| २ | प्रतिवादीहरु चन्द्रदेव ठाकुर, गजेन्द्रप्रसाद कुर्मी, | कागजात सच्चाई गलत लिखत तयार गरी | प्र.हरु गजेन्द्रप्रसाद कुर्मी, चन्द्रदेव ठाकुर र दुर्गादत्त पौडेल समेतले भ्र.नि निवारण ऐन, २०५९ को दफा ९ र दफा ११ वमोजिमको कसुर गरेकाले प्र.हरु गजेन्द्रप्रसाद कुर्मी, चन्द्रदेव ठाकुर र | **फैसलाः** प्रतिवादीहरुलाई सफाई ।<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>**<br>• प्रतिवादीहरुले मौकामा र अदालतसमक्ष बयान गर्दा आरोपित | • सह-अभियुक्तको पोल वयान व्यहोरालाई प्रमाण ऐन, २०३१ को दफा ९क. वमोजिम प्रमाणमा लिनु पर्ने देखिएको अवस्था समेतवाट निज प्रतिवादीहरुलाई आरोपमागदावी वमोजिम कसुर कायम गरी सजाय गर्नु पर्नेमा अदालतले प्राप्त प्रमाणको उचित मुल्याङ्कन नगरी हचुवाको भरमा प्रतिवादीहरुले आफू कसूरबाट बच्नको लागि |

| | | | | | |
|---|---|---|---|---|---|
| | ममताकुमारी गुप्ता र दुर्गादत्त पौडेल समेत भएको (वि.अ. को मु.नं (०७६-CR-०१५९) वि.अ. को फैसला मिति २०७९।११।१७ | भ्रष्टाचार गरेको। | दुर्गादत्त पौडेललाई भ्र.नि ऐन, २०५९ को दफा ९ र दफा ११ वमोजिम सजाय हुन र प्र. ममताकुमारी गुप्ताको हकमा भ्र.नि ऐन, २०५९ को दफा ११ वमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले ममताकुमारी गुप्तालाई भ्र.नि ऐन, २०५९ को दफा ११ वमोजिम सजाय हुन । | कसूरमा इन्कारी गरेको,<br>• आशिषकुमार गुप्ता नेपाली नागरिक भन्ने देखिएको, निज कानूनबमोजिम नागरिकताको प्रमाणपत्र पाउन योग्य नै देखिएको र निजले कानूनले तोकेको प्रक्रिया पूरा गरी आवश्यक कागजात संलग्न गरी नागरिकताको लागि आवेदन दिई नागरिकता लिएको तथा आशिषकुमार गुप्ताको नाउँमा जारी भएको उक्त नागरिकता बदर नभई कायमै रहेको अवस्थामा नागरिकता प्रदान गर्ने कार्यलाई अन्यथा भन्न मिल्ने नदेखिएको,<br>• प्रतिवादीहरुले बदनियतपूर्वक गलत लिखत तयार गरेको एवं सरकारी कागजात सच्चाएको भन्ने आरोपदावी वादी पक्षले बस्तुनिष्ठ प्रमाणबाट पुष्टि र प्रमाणित गर्न नसकेकोले शंका र अनुमानको भरमा कसूरदार कायम गर्न मिल्ने नदेखिएको। | अनुसन्धान अधिकारी र अदालत समक्ष गरेको झुठ्ठा एवं कपोलकल्पित बयानलाई आधार लिइ निज प्रतिवादीहरुलाई सफाई दिने गरी विशेष अदालतबाट भएको फैसला त्रुटीपूर्ण रहेको,<br>• तारानाथ रेग्मी समेत विरुद्ध नेपाल सरकार भएको (ने.का.प. २०४० नि.नं. १७३७ पृठ ४९६) मुद्दा मा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त, विपरित प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको।<br>• सबै प्रतिवादीहरुको भ्रष्टाचारजन्य कसूरमा पूर्ण रुपमा संलग्नता रहेको पुष्टी भएकाले मिसिल संलग्न स्वतन्त्र प्रमाणलाई प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाणको रुपमा गह्रण गरी फैसला गर्नु पर्नेमा सो विपरित हुने गरी प्रतिवादीहरुलाई सफाई दिने मनसायले मिसिल संलग्न प्रमाणको उचित मूल्याङ्कन बिना भएको फैसला त्रुटीपूर्ण भई बदरभागी रहेको।<br>• जयप्रकाश गुप्तासँग ममताकुमारी गुप्ता र छोरा आशिषकुमार गुप्ताको नाता सम्बन्ध खुल्ने नाता प्रमाणित वा विवाह दर्ताको प्रमाणपत्रको छायाप्रति पेश भएको नदेखिएको र प्रतिवादी ममताकुमारी गुप्ताको नागरिकताको पतिको नाम खण्डमा जयप्रकाशप्रसाद गुप्ता लेखी नागरिकताको प्रमाणपत्रको प्रतिलिपीमा सच्याएको, ममताकुमारीले लिएको नागरिकताको प्रमाणपत्रमा बाबु मदनमोहनप्रसाद कलवारको नाम मात्र उल्लेख भएको, जन्मदर्ताको प्रतिलिपिमा आशिषकुमार गुप्ताको ूशू अक्षरमा केरमेट गरेको देखिए समेतका मिसिल संलग्न स्वतन्त्र प्रमाणबाट सबै प्रतिवादीहरुको भ्रष्टाचारजन्य कार्य पुष्टी भएको। |